# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बैठकका निर्णयहरु

| आयोगको बैठक सङ्ख्याः९३ | निर्णय मितिः२०८१/१२/१० |
|---|---|

## निर्णय नं. १०५

**विषयः मिति २०७५/१२/०७ देखि २०८१/१२/०६ सम्म यस आयोगको अध्यक्षको जिम्मेवारीमा कार्यरत माननीय अध्यक्ष श्री बालानन्द पौडेलज्यूलाई उक्त अवधिमा यस आयोगलाई गर्नुभएको योगदानको लागि आयोगको तर्फबाट धन्यवाद प्रदान गर्ने।**

माथि उल्लेखित विषयका सम्बन्धमा आज मिति २०८१/१२/१० गतेका दिन आयोगका माननीय कार्यवाहक अध्यक्षको अध्यक्षतामा बसेको बैठकबाट देहाय बमोजिम निर्णय गरियो।

१. मिति २०७५/१२/०७ देखि २०८१/१२/०६ सम्म यस आयोगको अध्यक्षको जिम्मेवारीमा रहनुभएका श्री बालानन्द पौडेलज्यूले उक्त अवधिमा यस आयोगमा रही संविधान तथा अन्य प्रचलित कानूनले दिएको अधिकार बमोजिम वित्तीय संघीयताका विविध पक्षमा आयोगको भूमिकाको नेतृत्व प्रदान गर्दै अन्तरसरकारी वित्तीय सम्बन्धका विविध सवालमा गर्नुभएको योगदानको लागि आयोगको तर्फबाट धन्यवाद दिंदै सुखद भविष्यको शुभकामना प्रदान गर्ने।